मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

आधुनिकतामा संस्कृत शिक्षाको महत्वः पृष्ठ २




◆ वर्ष : २५ ◆ अङ्क : २२६ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असार ३० गते मंगलवार (Tuesday, July 14. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-



**कतै रोपाइ, कतै थन्काई:** झापाको कनकाई-८ शितलचोकका कृषकहरु धान थन्क्याउने ध्याउन्नमा। झापाको कचनकवलदेखि ३,००० मिटर उचाइमा रहेको जुम्लाको छुमचौरसम्म धान फलाइने गरिन्छ। तर, पनि गतबर्ष २४ अर्ब रुपैयाँभन्दा बढीको धान-चामल नेपालमा आयात गरिएको थियो।
**तस्वीरः बिनोद पाण्डे/पूर्वाञ्चल**

‘एकका लागि एक अभियान’

# एक करोड २० लाख उठ्यो

**सुरेन्द्र भण्डारी**

**झापा, असार २९।** ‘एक थुकी सुकी, सय थुकी नदी’ भन्ने यो भनाइ झापाका मनकारी दाताहरुले प्रमाणित गरेका छन्। पूर्खाहरुले व्यहारले सिद्ध गरेका कुराहरु आज हाम्रो समाजमा भनाइ र उखानका रुपमा प्रचलित छन्। त्यसैमध्येको ‘एकतामा बल हुन्छ’ भन्ने भनाइ पनि यसैसँग मिल्दोजुल्दो छ।

सामुहिक सहयोगमा उदाहरणीय कर्म गर्न अग्रसर झापा बिर्तामोड-२ चारपानेका युवा महेन्द्रकुमार गिरीको कल्पनामा ‘एकका लागि एक अभियान’ प्रारम्भ भयो। यसअघि पनि सामुहिक कर्ममा रमाउने गिरीले आफूजस्तै उत्साही युवा तथा अग्रजहरुको साथ र सहयोगमा वैश्विक महामारीको रुप लिएको कोरोना भाइरसका कारण उत्पन्न पीडामा मल्हम लगाउने योजना बुनियो। महामारीको रोकथामका लागि लागू गरिएको बन्दाबन्दीले विपन्नवर्गको चुल्हो बल्न छाडेपछि अभियान अन्तर्गत एक जनाले एक जनाको चुल्हो बाल्ने योजना अनुसार सहयोग संकलन गर्न थालियो। अभियानको यो यात्रामा गिरी जस्तै ऊर्जाशील युवाहरु बिनोद बस्नेत, एकराज गिरी, सजेश शिवाकोटी, मिजास पोखरेल, कुमारमणि पोखरेल, कुमार भट्टराई, निर्मल भट्टराई, केदार गिरी, मदनगोपाल सुब्बा, अर्जुन चुडाल, सञ्जीव घिमिरे लगायतको अग्रसरतामा विभिन्न संघ-संस्था र तिनका प्रतिनिधिहरु समाहित भए।

अभियान अन्तर्गत पहिलो चरणमा सडकमा अलपत्र परेकाहरुलाई खाना खुवाउँदै चुल्हो नबलेकाहरुको पहिचान गरी खाद्य सामग्री बितरण गरियो। झण्डै दुई हजार परिवारलाई दुई हजार रुपैयाँ बराबरको खाद्य सामग्री पुऱ्याएर सामाजिक कार्यमा उत्कृष्ट भूमिका निर्वाह गरेको अभियानले दोस्रो चरणमा क्वारेन्टाइनमा बसेकाहरुलाई समेत खाना खुवाएको थियो।

झापामा कोरोना संक्रमितको संख्या बढ्दै गएपछि



अभियानले झापामा कोरोना परीक्षणका लागि पीसीआर मेसिन खरिद गर्ने निर्णय गर्दै देश तथा विदेशमा रहेका सहयोगी मनहरुलाई जोड्दै रकम सङ्कलन शुरु गऱ्यो। अहिले यो अभियानबाट एक करोड बीस लाख रुपैयाँ संकलन भएको अभियानका संयोजक महेन्द्रकुमार गिरीले बताए। संकलित रकमले कोरोना परीक्षणका लागि पीसीआर मेसिन खरिद गरिने भएको छ। १ नम्वर प्रदेश सरकारको मातहतमा रहने गरी कनकाई नगरपालिकास्थित कोटिहोममा कोरोना परीक्षण प्रयोगशाला स्थापना गरिन लागेको हो। यस अघि जनसहभागीताबाट निर्माण भएको समर्पण कर्म योग भवनमा ल्याव राख्न आवश्यक तयारी पूरा भएको अभियानका सह-संयोजक बिनोद बस्नेतले बताए।

कोरोना भाइरसको बढ्दो संक्रमणका कारण मुलुक नै आक्रान्त बनिरहेका बेला गत मे १बाट झापामा ‘एकका लागि एक अभियान’ शुरु भएको थियो। अभियान शुरु भएसँगै एक हुने खाने व्यक्तिले नहुने (विपन्न) एक परिवारलाई कम्तीमा दुई हजार रुपैयाँ वरावरको खाद्यान्न सहयोग गर्न शुरु गरिएको अभियानमा अहिले एक हजार दुई सय जना जोडिएका छन्। उनीहरुबाट झापामा पीसीआर मेसिन स्थापनाका लागि एक करोड २० लाख रुपैयाँ जुटेको छ।

शुरुका दिनमा झण्डै २५ लाख रुपैयाँ वरावरको खाद्य सामग्री विपन्न परिवारलाई सहयोग गरेको अभियानले अहिले ल्याव स्थापनाका लागि रकम जुटाइरहेको छ। अभियानका लागि अहिले देश तथा विदेशबाट सहयोग संकलन भइरहेको अभियन्ता गिरीको भनाई छ। अभियानका लागि झापाका सहकारी संस्थादेखि अन्तर्राष्ट्रिय झापाली समाजसम्मले सहयोग गरेका छन्। झापाली अन्तर्राष्ट्रिय समाजले २५ लाख रुपैयाँ सहयोग गरेको समाजका उपाध्यक्ष नवीन पोखरेलले जानकारी दिए।

झापामा रहेका सहकारी सस्थाहरुले मात्रै अभियानका लागि २५ लाख भन्दा बढी रुपैयाँ सहयोग गरेका छन्। अतिसामान्य परिवारले समेत दुई हजार रुपैयाँ सहयोग गर्दै अभियानमा साथ दिएपछि झापाका

(बाँकी अन्तिम पृष्ठमा)

# मनसुनपछि ८५ को मृत्यु, ४६ बेपत्ता

**झापा, असार २९।** सरकारले यस वर्षको मनसुन शुरु भएयता बाढी र पहिरोमा परी ८५ जनाको मृत्यु हुनका साथै ४६ जना बेपत्ता भएको जानकारी दिएको छ।

प्रतिनिधिसभा, राज्यव्यवस्था तथा सुशासन समितिको सोमवारको बैठकमा मुलुकका विभिन्न भागमा भएका बाढी र पहिरोका घटनाबाट १३४ घर पूर्णक्षति भएको गृहमन्त्रालयका सचिव महेश्वर न्यौपाने बताए।

वि.स. २०७२को भूकम्पबाट अतिप्रभावित सिन्धुपाल्चोक, गोरखा र रसुवालगायतका जिल्ला नै बाढी पहिरोबाट अतिजोखिम क्षेत्रका रुपमा रहेको जानकारी दिँदै गृहमन्त्रालयले हालसम्मको अवस्था विश्लेषणबाट प्रदेश नं. २का जिल्लामध्ये रौतहट बढी प्रभावित पाइएको बताएको छ।

बाढी पहिरोबाट १४ जिल्लाका ११ हजार घर उच्च जोखिमा रहेकामा ७०७ घर भने तत्काल स्थानान्तरण गर्नुपर्ने अवस्थामा रहेको जानकारी दिइएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी निर्देशक अनिल पोखरेलले बाढी र पहिरोबाट मध्यपहाडी र डुबानबाट तराईका जिल्ला अति जोखिममा रहेको

(बाँकी अन्तिम पृष्ठमा)

## अज्ञानता र कमजोरीले जनधनको क्षतिः गृहमन्त्री

**झापा, असार २९।** गृहमन्त्री रामबहादुर थापाले प्राकृतिक प्रकोपका घटनापछिको राहत र उद्धारका लागि कानून, संरचना, नीति र योजना निर्माणलाई वस्तुवादी र वैज्ञानिक बनाइदै लगिएको बताए। उनले भने- विपद्को दोष प्रकृतिलाई दिन मिल्दैन, मानिसले सिर्जना गरेको हो, अज्ञानता

(बाँकी अन्तिम पृष्ठमा)

# मौद्रिक नीति तयार गरिँदै

**झापा, असार २९।** नेपाल राष्ट्र बैंकले आगामी आर्थिक वर्षको मौद्रिक नीति तयारीको अन्तिम चरणमा पुऱ्याएको छ।

सो नीतिका सन्दर्भमा सोमवार संघीय संसद्को अर्थ समितिले राष्ट्रबैंकका गभर्नरसहितलाई बोलाएर नीतिका विशेषता र प्राथमकितामा बारेमा छलफल गऱ्यो। कोरोना महामारीले समस्यामा पारेको अर्थतन्त्रलाई उकास्ने ध्येयका साथ नीति आउने धेरैको अपेक्षा छ। उद्योग व्यवसाय कोरोनाको कहरमा परेको छ। नागरिकका आर्थिक स्रोतमा समेत समस्या पैदा भएको छ। विशेष गरी पर्यटन उद्योग र सार्वजनिक यातायात समस्यामा परेको छ।

आगामी आर्थिक वर्षको बजेटले कोरोनाले पारेको समस्याका बारेमा केही सम्बोधन गर्ने प्रयास गरे पनि केही विषय भने मौद्रिक नीतिलाई नै छाडिदिएको छ। यसै सन्दर्भमा अर्थ समितिको बैठकमा आम नागरिकको अपेक्षालाई सम्बोधन गर्ने शैलीमा नेपाल राष्ट्र बैंकका गभर्नर महाप्रसाद अधिकारीले भने- नीतिले कोहीकसैलाई पनि निराश बनाउँदैन। हामी सबैलाई समेट्ने प्रयासमा लागेका छौँ।

उनले कोभिड-१९का कारण वित्तीय क्षेत्रमा परेको प्रभावलाई न्यून गर्ने गरी सबैलाई खुशी बनाउने खालको नीतिको तयारीमा आफूहरु रहेको र जनताको सर्वोच्च निकायको रुपमा रहेको संसद्बाट पाउने सुझाव आफूहरुका लागि महत्वपूर्ण रहेको बताए।

उनले मौद्रिक नीतिले समग्रमा अर्थतन्त्रको गति बढाउने र वित्तीय स्थायित्व दिने खालको वातावरण बनाउने स्पष्ट पारे। सरकारले गत चैत ११ गतेदेखि देशव्यापी लकडाउन घोषणा गरेका कारण बैंकिङ क्षेत्रमा नयाँ अवसरसमेत सिर्जना भएको र विद्युतीय कारोवारमा समेत वृद्धि भएको जानकारी दिए।

लकडाउनले नयाँ अवसरकोसमेत खोजी गरेकामा प्रसन्नता व्यक्त गर्दै उनले विद्युतीय कारोवार दोब्बर भएको तथ्याङ्कसमेत पेश गरे। कोरोनाको रोकथामका लागि संसारभर नै अवलम्बन गरिएको लकडाउनका कारण विश्व अर्थतन्त्र प्रभावित भएको र त्यसको प्रभाव नेपालमा समेत परेको गभर्नर अधिकारीको भनाइ छ।

**वित्तीय स्थायित्वलाई बढावा दिइने**

गभर्नर अधिकारीले केन्द्रीय बैंकले ल्याउने मौद्रिक नीतिले

(बाँकी अन्तिम पृष्ठमा)

# लघुजलविद्युत् जीर्ण, १५० घर सेवाबाट प्रभावित

**युद्धबहादुर बोहोरा**

**पाँचथर, असार २९।** फाल्गुनन्द गाँउपालिका वडा नं.-४ स्थित ज्यामिरे टोलमा सञ्चालित जिल्लाकै पहिलो लघु जलविद्युत् ‘हामसामी निवुखोला जलविद्युत् सहकारी योजना’ अहिले जीर्ण अवस्थामा पुगेको छ।

एक सय ५० घरधुरी लाभान्वित भइरहेको योजना आइवीपी संस्थाको ५० प्रतिशत अनुदान सहयोगमा करिब १५ वर्ष अघिदेखि सञ्चालन हुँदै आएको थियो। वर्षात्को समयमा पहिरोको कारणले विद्युत् गृहमा आउने पानीको पाइप बारम्बार क्षति पुग्दा नियमित विद्युत् प्रशारणमा अवरोध भई दिनहुँ अन्धकारको समस्या झेल्नु परेको उपभोक्ता समितिका अध्यक्ष नरप्रसाद नेम्वाङले बताए।

आर्थिक अभावले गर्दा हालसम्म मुहान, कुलो, खम्बा, तार, पाइप, मेशिन रिपेयर तथा विद्युत् गृह व्यवस्थित हुन नसक्दा निरन्तर बत्ती बाल्न नसकिएको गुनासो पोख्दै उनले भने- ‘दैनिक यस कामको लागि खटाइएका तीन जना कर्मचारीलाई मासिक पारिश्रमिक उपलब्ध गराउन समेत कठिन भएको छ।’

प्रत्येक घरधुरीले एक सय १० रुपैयाँ मासिक महसुल व्यहोर्दै आएका उपभोक्ता आजभोलि अन्धकार साथै

(बाँकी अन्तिम पृष्ठमा)

# निजी प्रयोगशालाले पनि कोरोना परीक्षण

**झापा, असार २९।** सरकारले छ वटा निजी प्रयोगशालालाई कोभिड- १९ को पीसीआर परीक्षणको अनुमति दिएको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाले मापदण्ड पुगेका छ निजी प्रयोगशालालाई पिसिआर परीक्षण गर्न अनुमति दिएको प्रयोगशालाका सूचना अधिकारी राजेशकुमार गुप्ताले जानकारी दिए।

उनका अनुसार स्टार अस्पताल काठमाडौँ, काठमाडौँ मेडिकल कलेज काठमाडौँ, सेन्ट्रल डाइग्नोस्टिक ल्याब्रोटोरी काठमाडौँ र सूर्या हेल्थ केयर सेन्टर रहेका छन्। यस्तै उपत्यकाका बाहिर नेशनल प्याथल्याब बुटवल र वागेश्वरी प्रयोगशाला कोहलपुर बाँकेले अनुमति पाएका छन्।

प्रयोगशालाले पीसीआरको परीक्षणको दायरा बढाउनका लागि गत जेठ २२ गते इच्छुक निजी प्रयोगशालालाई प्रस्ताव आह्वान गरेको थियो। उक्त प्रस्तावमा १९ वटा प्रयोगशालाले आफूले पिसिआरको परीक्षण गर्न प्रस्ताव दर्ता गराएका थिए। हामीले प्रस्ताव दर्ता गराएका प्रयोगशालाको मापदण्ड हेरेर पहिलो चरणमा छ वटा प्रयोगशालालाई परीक्षण गर्न दिएका छौँ- उनले भने- अन्य प्रयोशाला मापदण्ड पुगेपछि अनुगमन गरेर परीक्षणका लागि अनुमति दिन्छौँ।

ती १९ मध्ये नौ वटा प्रयोगशालाको भने आफ्नै पीसीआर परीक्षण गर्ने मेसिन रहेको थियो। ती छ प्रयोगशालाले आफैँ नमूना सङ्कलन गर्ने नभई मन्त्रालयले उपलब्ध गराएको नमूना परीक्षण गर्नेछन्। यसरी परीक्षण गरेबापत ती प्रयोगशालाले एक वटा नमूना परीक्षणको रु. पाँच हजार ५०० शुल्क लिन पाउनेछन्।

कोभिड-१९को परीक्षणको दायरा बढाउनका लागि मन्त्रालयले निजीलाई समेत कोभिड

(बाँकी अन्तिम पृष्ठमा)

## कोरोना भाइरस उपचार कोषमा रकम जम्मा गर्न आव्हान गरिएको सूचना

विश्वव्यापी महामारीको रुपमा फैलिएको कोरोना भाइरस (COVID-19) रोगको संक्रमणलाई फैलिन नदिन तथा सोको रोकथाम एवम् नियन्त्रणका लागि देहायको बैंकमा **‘कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष’** खाता खोलिएको हुँदा इच्छुक व्यक्ति तथा संघ–संस्थाहरुले सो खातामा रकम जम्मा गरी सहयोग गरिदिनुहुन आव्हान गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ।

**बैंकको नामः** राष्ट्रिय बाणिज्य बैंक
**शाखाः** सिंहदरबार परिसर
**खाताको नामः** कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोष
**खाता नं. १९६०००००११०१**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

## सूचना

**विक्रेता वर्गमा अनुरोध**

१) सम्बन्धित निकायमा दर्ता गरी अनुमति लिएर मात्र कुनै पनि व्यापारिक कारोबारहरु शुरुवात गरौं।
२) कारोबार स्थलमा सबैले देख्ने गरी दर्ता प्रमाणपत्र, अनुमति–पत्र, साइनबोर्ड र मूल्यसूची अनिवार्य रुपमा राखौं।
३) वस्तुको खरिद बिल सुरक्षित राखौं र बिक्री गर्दा बिल विजक अनिवार्यरुपमा जारी गरौं।
४) म्याद नाघेका र टुटफुट भएका उपभोग्य वस्तुहरु छुट्टाछुट्टै ठाउँ (Expiry Zone) मा राख्ने गरौं। समय–समयमा यस्ता वस्तुहरु वितरक र उत्पादक समक्ष फिर्ता गर्ने पद्धति बसालौं।
५) उत्पादन मिति, प्रयोग गर्न सकिने अन्तिम मिति, उत्पादक, तौल, मूल्य (MRP) प्रष्ट देखिने लेबल भएका वस्तुहरु मात्र बिक्री वितरण गरौं।
६) बजार अनुगमन वा गुनासोको आधारमा हुने निरीक्षणका बखत उल्लेखित विषयहरु पालना नगरेको र लापर्वाहीपूर्ण क्रियाकलाप भएको पाइएमा उपभोक्ता संरक्षण ऐन २०७५ अनुसार कार्वाही हुने व्यहोरा सूचित गरिन्छ।

*“जिम्मेवार व्यवसायी बनौं, उपभोक्ताप्रतिको दायित्व निर्वाह गरौं।”*

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# वैदेशिक सहायतालाई पारदर्शी र प्रभावकारी बनाइने

**झापा, असार २९।** उच्च तथा दिगो आर्थिक वृद्धि गर्दै 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षालाई टेवा दिन र सन् २०३० सम्ममा दिगो विकासका लक्ष्यहरू हासिल गरी मध्यम आययुक्त राष्ट्रमा स्तरोन्नति हुन वैदेशिक सहायता नेपालका निम्ति अपरिहार्य भएको छ।

'आगामी आर्थिक वर्ष वैदेशिक अनुदानबाट रु. ६० अर्ब ५२ करोड र रु. २ खर्ब ९९ अर्ब ५० करोड वैदेशिक ऋणबाट जुटाइनेछ'- आव २०७७/७८ को बजेट वक्तव्यमा उल्लेख भए अनुसार विकास निर्माणका साथै आर्थिक उन्नयनका गतिविधि सञ्चालन गर्न बाह्य सहयोग नेपालका निम्ति आवश्यक छ। अबका दश वर्षमा दिगो विकासका लक्ष्य हासिल गर्न २०१५ को मूल्यमा वार्षिक औसत करिब रु. २,०२५ अर्ब आवश्यक पर्छ, जसमध्ये रु. १,१११ अर्ब सरकारी पक्षले राजस्व र वैदेशिक सहयोगबाट अनि निजी क्षेत्रले करिब रु. ७३९ अर्ब खर्च गर्नुपर्ने राष्ट्रिय योजनाको अनुमान छ। उपलब्ध स्रोत र साधन प्रयोग गर्दा पनि औसत करिब रु. ५८५ अर्ब वार्षिक अपुग हुने भनिएको छ।

खानेपानी, सरसफाइ, ऊर्जा, यातायात, पर्यटन, उद्योग र सहरी विकासमा मात्र औसत करिब रु. १,२३५ अर्ब प्रत्येक वर्ष आवश्यक पर्ने भएकाले सहुलियतमा वैदेशिक ऋण र अनुदान अपरिहार्य हुन्छ भन्छन् विकासका योजनाकर्ता एवम् विश्लेषक। परम्परागत विकास सहायता ढाँचाले काम गरेका वा नगरेका क्षेत्रहरु पहिचान गरी सार्वजनिक, निजी एवम् वैदेशिक सहायता सम्मिश्रित संयुक्त स्रोतबाट परिचालन गरी विकासका साधन जुटाउन सरकारलाई दबाब परेको पनि अस्वीकर गर्दैनन् उनीहरु।

नेपाल सरकारलाई विभिन्न क्षेत्रको विकास निर्माणका लागि द्विपक्षीय राष्ट्र, बहुपक्षीय तथा क्षेत्रीय संस्था र एशियाली विकास बैंक, विश्व बैंक समूह, एशियाली पूर्वाधार लगानी बैंक, अन्य विश्वव्यापी कोषबाट प्राप्त हुने वित्तीय प्राविधिक एवम् वस्तुगत सहायता उपयोग गर्दै राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न सार्वजनिक, निजी, सहकारी, सामुदायिक र अन्य क्षेत्रबीच साझेदारी बढाउने एवम् संघ, प्रदेश र स्थानीय तहबीच विकास सहायता परिचालनमा समन्वयात्मक तवरले प्रभावकारिता वृद्धि गरी अर्थतन्त्र निर्माण गर्नेतर्फ परिलक्षित हुन बाह्य सहयोग जुटाउन जरुरी छ।

कोभिड-१९को विश्वव्यापी महामारीले बहुपक्षीय विश्व प्रणाली र संस्थाहरूका साथै दातृ राष्ट्र र निकायका ढुकुटीमा पनि चाप परेकाले अपेक्षाकृत विकास सहयोग नेपाललाई प्राप्त हुन कठिन छ। शक्तिराष्ट्रहरूबीच आर्थिक स्वार्थको बढ्दो टकराव, प्रविधिको अनियन्त्रित प्रयोगका कारण थपिएका अनपेक्षित चुनौति, आर्थिक असमानता एवम् स्रोत साधनको असमान वितरण, जलवायु परिवर्तन, बढ्दो अतिवाद एवम् आतङ्कवाद, द्वन्द्व र हिंसा, आप्रवासन र शरणार्थीका कारण पनि शक्तिराष्ट्रहरूबीच आर्थिक स्वार्थको बढ्दो टकराव, प्रविधिको अनियन्त्रित प्रयोगका कारण थपिएका अनपेक्षित चुनौति, आर्थिक असमानता एवम् स्रोत साधनको असमान वितरण, जलवायु परिवर्तन, बढ्दो अतिवाद एवम् आतङ्कवाद, द्वन्द्व र हिंसा, आप्रवासन र शरणार्थीका कारण उत्पन्न समस्या समाधानका निम्ति स्रोत साधन त्यसतर्फ परिचालन गर्नुपर्ने भएकाले दातृ राष्ट्रबाट नेपाललाई विगतमाजस्तो सहयोग पाउन त्यति सहज छैन।

नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हितमा प्रतिकूल हुने कुनै किसिमका सहयोग स्वीकार नगर्ने राष्ट्रको स्थापित नीतिको परिपालना गर्दै बाह्य सहायता जुटाउनुपरेको छ। दातृराष्ट्र तथा विकास साझेदारहरुबाट सहयोग लिँदा राष्ट्रिय हित प्रतिकूल हुनुहुँदैन भन्ने यथार्थलाई आत्मसात गर्दै झण्डै रु ६० अर्बको अमेरिकी अनुदान सहयोगलाई संघीय संसद्ले अनुमोदन गरेको छैन।

कोरोनाले यो शताब्दिकै अकल्पनीय आर्थिक मन्दी सिर्जना गर्ने, करोडौँले रोजगारी गुमाउने, आप्रवासन र गरिबीको समस्या अझ बढ्ने र यसको ठूलो मार नेपालजस्ता विकासोन्मुख देशलाई पर्ने निश्चित छ। अहिलेको असहज अनुकूलतामा रुपान्तरण गर्न बाह्य सहयोगको अपेक्षामात्र गरेर हुँदैन नेपाललाई वास्तविक रुपमा नै आधुनिक कृषिकर्म गरेर कृषिप्रधान देश बनाउनुपर्छ। त्यसैले हामीले साँच्चै समृद्धि चाहेका हौँ भने नेपालको उर्वरभूमिको अब भरपूर उपयोग गर्नैपर्छ। नेपालको विकास र नेपाली जनताको जीवनस्तर सुधार गर्न परम्परागत रुपमा विदेशी सहायतामा रहेको निर्भरतालाई क्रमशः कम गर्दै कृषिकर्मबाटै आत्मनिर्भर बन्ने प्रयासमा लाग्नुको विकल्प छैन।

झण्डै सात दशकदेखि नेपालको शिक्षा, स्वास्थ्य र पूर्वाधार विकासका लागि बाह्य सहयोग प्राप्त भइरहेको भए पनि त्यसको समुचित उपयोग नभएको आम सर्वसाधारणको गुनासो भने अद्यापि कायमै छ। नेपालको संविधानले पनि संघीय प्रणालीमा रुपान्तरित राष्ट्रको शासकीय संरचना अनुरुप अन्तर्राष्ट्रिय विकास सहायताको परिचालन र व्यवस्थापन गर्नुपर्नेमा जोड दिइएको छ भने वैदेशिक सहायता लिँदा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै वैदेशिक सहयोगलई राष्ट्रिय बजेट प्रणालीमार्फत परिचालन गर्नुपर्ने व्यवस्था गरेको छ।

असंख्य पूर्वाधारको विकास विदेशी अनुदान र ऋणबाट भएका छन् भने दिगो विकासका लक्ष्य हासिल गर्न हाम्रोजस्तो सीमित स्रोत साधन र असिमित विकासका काम गर्नुपर्ने नेपालजस्तो अल्पविकसित देशका लागि चाहिने सबै प्रकारका पूर्वाधारका लागि सहुलियतपूर्ण वैदेशिक ऋण वा अनुदान नभई हुँदैन।

वैदेशिक सहयोगले विकास हुँदैन भन्ने अभिव्यक्तिको अस्वीकार गर्नुहुन्छ राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेल। उनी समस्या वैदेशिक सहयोगमा नभई त्यसलाई परिचालन गर्ने पद्धति र सुशासनको अभावलाई मान्छन्। सरकारको भगीरथ प्रयास भएपनि अहिले पनि करिब एकतिहाइ सहयोगको रकम बजेट बाहिरबाटै खर्च हुने गरेको र बजेटको रातो किताबमा उल्लेखित सहयोगको रकम पनि एकतिहाइभन्दा बढी राज्यको ढुकुटीमा नआई बाहिरबाट नै खर्च भइरहेको वास्तविकता औँल्याउँदै उनी त्यस्ता गतिविधि रोक्दै पूर्ण पारदर्शी हुनुपर्नेमा जोड दिन्छन्।

'अन्तर्राष्ट्रिय मापदण्ड बमोजिम समयमै पाउन सकिने सहुलियत ऋण र अनुदान लिन सकेनौँ भने समय घर्किँदै जाँदा हामीले द्विपक्षीय र बहुराष्ट्रिय संथाहरुबाट त्यस्तो सहयोग पाउने सम्भावना टरिसकेको हुन्छ र हाम्रो विकासका लागि महँगो ऋण परिचालन गर्नुपर्ने हुनसक्छ'- प्राध्यापक पोखरेल भन्छन्। निःशर्त एवम् नेपालको प्राथकिता र आवश्यकताका आधारमा बाह्य सहयोग लिनुपर्ने उनको अभिमत छ।

गृह र रक्षा मन्त्रालयबाहेक राष्ट्रिय योजना आयोग, राष्ट्रिय पुनःनिर्माण प्राधिकरण, राष्ट्रिय मानवअधिकार आयोग, अर्थ, उद्योग, वाणिज्य तथा आपूर्ति, कृषि तथा पशुपन्छी विकास, महिला बालबालिका तथा ज्येष्ठ नागरिक, वन तथा वातावरण, शिक्षा, विज्ञान तथा प्रविधि, ऊर्जा, जलस्रोत तथा सिञ्चाइ, संघीय मामिला तथा सामान्य प्रशासन, स्वास्थ्य तथा जनसंख्या, परराष्ट्र, शहरी विकास, खानेपानी, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण, भौतिक पूर्वाधार तथा यातायात र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयसहित १८ वटा मन्त्रालयमा आगामी आर्थिक वर्षका लागि १२४ वटा परियोजनामा प्राविधिक सहायता परिचालन गर्ने प्रतिबद्धता दातृ निकायहरुले गरेका छन्। त्यसैगरी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाबाट परिचालन हुने प्राविधिक सहायता सम्बन्धित राष्ट्रका १२० वटा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामार्फत परिचालन हुने अर्थ मन्त्रालयले हालै सार्वजनिक गरेको प्राविधिक सहायता सम्बन्धी विवरणमा उल्लेख छ।

## खोलाले बगाएर र डुबेर दुईको मृत्यु

**झापा, असार २९।** झापाको कचनकवल गाउँपालिका-३ बस्ने ३५ बर्षीय किलु टुडूलाई खोलाले बगाएर मृत्यु भएको छ।

घर नजिकै रहेको खहरे खोला छेउमा हिँडिरहेका टुडु एक्कासी लडेर खोलामा पर्दा उनलाई खोलाले बगाएको प्रहरीले जनाएको छ। उनी २०० मिटर तल मृत अवस्थामा फेला परेका थिए।

उता धनकुटाको चौबिसे-२ स्थितमा बस्ने ३२ बर्षीया सरस्वती मगरको पोखरीमा डुबेर मृत्यु भएको छ।

चौबिसे-२ स्थितमानै रहको सिञ्चाईको लागि तयारी गरिएको ३ फिट गहिरो पोखरीमा डुबेर सरस्वतीको मृत्यु भएको भनि स्थानीयले प्रहरी चौकी मुढेबासमा जानकारी गराएका थिए। हिँडिरहेको अवस्थामा एक्कासी चिप्लिएर पोखरी पर्दा उनको डुबेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय धनकुटाले जनाएको छ।

## उद्यमी महिलालाई तालिम



**झापा, असार २९।** व्यापार-व्यवसाय तथा उद्यमी महिलाको नेतृत्व विकास गरी उद्यमशिलतातर्फ उत्प्रेरित गर्दै अघि बढ्न प्रोत्साहित गर्ने उद्देश्यले झापाको विर्तामोडमा एकदिने नेतृत्व विकास तथा क्षमता अभिबृद्धि सम्बन्धी तालिम सम्पन्न भएको छ।

महिला चेम्बर अफ कर्मशको आयोजना तथा प्रदेश सांसद एकराज कार्कीको सांसद विकास कोषको आर्थिक सहयोगमा भएको तालिमको उद्घाटन प्रदेश सांसद एकराज गिरीले गरेका थिए।

महिला चेम्बर अफ कमर्शकी अध्यक्ष प्रेमा भट्टराईको अध्यक्षता तथा सांसद कार्कीको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा चेम्बर अफ कमर्श झापाका अध्यक्ष ओमकृष्ण विमली, नेपाल अलैंची व्यवसायी महासंघका महासचिव सुवास भट्टराई, बिर्तामोड नगरपालिका कार्यपालिका सदस्य भावना आचार्य घिमिरे, महिला उद्यमी संघ नेपाल झापाकी अध्यक्ष गोमा भट्टराई, नेपाल उद्यमशील महिला संघ झापाकी अध्यक्ष पार्वता खरेल विमली लगायतले मन्तव्य राखेका थिए।

कार्यक्रमको सहजीकरण नेपाल पत्रकार महासंघ झापा शाखाका उपाध्यक्ष भीमा शिवाकोटीले गरेकी थिइन्। निरा उप्रेती ओलीले स्वागत गरेको कार्यक्रमको सञ्चालन संस्थाकी महासचिव शर्मिला शाक्यले गरेकी थिइन्।

### मौद्रिक ...

वित्तीय स्थायित्वलाई बढावा दिने उल्लेख गरे। यस्तै विगत केही वर्षदेखि शुरु भएको 'बिग मर्जर'लाई पनि आगामी नीतिले प्रमुख प्राथमिकतामा राख्ने उनको भनाइ छ। केन्द्रीय बैंकले मुलुकको समग्र अर्थतन्त्रको परिदृश्यको संक्षिप्त आँकडा प्रस्तुत गर्दै ४२ बुँदे प्राथमिकतासमेत समितिलाई जानकारी गराएको छ।

नीतिमा वित्तीय मध्यस्थता लागत कम गर्न वित्तीय सुदृढीकरणको उपायका रुपमा अवलम्बन गरिँदै आएको बैंक तथा वित्तीय संस्था एकापसमा गाभिने (मर्जर) तथा प्राप्तिलाई थप गति दिइने भएको छ। गभर्नर अधिकारीले प्रस्तुत गरेको प्राथमिकतामा सरकारको १५औँ योजना, वित्तीय क्षेत्र विकास रणनीति, आर्थिक वर्ष २०७७/७८को नीति तथा कार्यक्रम र बजेट, बैंकको तेस्रो रणनीतिक योजनासँग सामञ्जस्यता कायम गरिने छ।

अन्तर्राष्ट्रिय तथा आन्तरिक अर्थतन्त्रको विद्यमान अवस्था एवम् परिदृश्यलाई आधार मानी नीति तर्जुमा गर्न लागिएको र त्यसमा कोभिड- १९को सङ्कटले सिर्जना गरेको अनिश्चितताबाट बाहिर निस्कने उपायको खोजी गरिने छ। सङ्कटबाट प्रभावित क्षेत्रलाई प्राथमिकतामा आधारमा सहुलियत प्रदान गर्ने, सो क्षेत्रलाई बचाई राख्ने साथै शीघ्र आर्थिक पुनःउत्थानका लागि वित्तीय साधनको उपलब्धता गराउने दिशामा नीति केन्द्रित हुनेछ।

यस्तै सरकारले आगामी आवका लागि लिइएको सात प्रतिशतको आर्थिक वृद्धिको लक्ष्यलाई समेत आत्मसात् गरिने भएको छ। आन्तरिक उत्पादन तथा रोजगारी प्रवर्द्धन हुने, उद्यमशीलता विकास हुने क्षेत्रमा वित्तीय स्रोत केन्द्रित गरिने, मूल्य तथा बाह्य क्षेत्र स्थायित्वमा जोखिम नआउने गरी वित्तीय सहजीकरण गर्ने दिशामा समिष्टगत विवेकशील नियमनका उपाय अपनाइने छ।

त्यस्तै नगदमा हुने कारोवार न्यूनीकरण गर्ने विषयसमेत नीतिको प्राथमिकतामा पर्ने भएको छ। यस्तै अर्थतन्त्रलाई चलायमान बनाउने गरी नीति केन्द्रित गर्ने बैंकको योजना छ।

**सबै पालिकालाई पुनर्कर्जा**

गभर्नर अधिकारीले नीतिमार्फत ७५३ पालिकाले नै पुनर्कर्जा पाउने गरी तयारी गरिएको जानकारी दिए।

सङ्कटमा परेको अर्थतन्त्रलाई उकास्ने लक्ष्यका साथ सबै पालिकालाई उक्त कर्जा उपलब्ध गराउने तयारीमा केन्द्रीय बैंक रहेको बताए। विगतमा उपलब्ध गराइएको पुनरकर्जामध्ये रु. सात अर्ब रकम सीमित व्यक्तिले मात्रै पाएकाले अब हरेक बैंकले पाँच जनालाई दिनैपर्ने व्यवस्था गर्न लागिएको बताए।

उनले महिलाले चलाएको संस्था तथा उद्योग भए अब तीन प्रतिशत व्याजमा कर्जा पाउने व्यवस्था गरिने जानकारी दिए। उनले कृषि विकास बैंकलाई कृषि कर्जामा नै प्रमुख प्राथमिकतामा साथ लगानी गर्न अभिप्रेरित गरिने बताए।

यस्तै व्याजदरलाई एकल अङ्कमा राख्न आवश्यक व्यवस्था गरिने स्पष्ट पार्दै पछिल्लो एक वर्षमा कर्जाको व्याजदर दुई प्रतिशतले घटेको बताए। गभर्नर अधिकारीले व्याजदर घट्दा निक्षेपकर्तालाई पनि मर्कामा पार्न नहुने उल्लेख गरे।

**समस्यामा परेका क्षेत्रको सम्बोधन हुनुपर्छ**

समितिको बैठकमा पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले आगामी आर्थिक वर्षको मौद्रिक नीतिमार्फत समस्यामा परेका क्षेत्रलाई सम्बोधन गर्ने गरी ठूलो साहस जरुरी रहेको बताए।

उनले आगामी आवको बजेटले नछोएका विषय मात्रै नभई अन्य आर्थिक पुनरुत्थानका विषयसमेत सम्बोधन हुनुपर्ने उल्लेख गरे। विदेशबाट नेपाली युवाले पठाएको विप्रेषण घरजग्गा जस्ता अनुत्पादक क्षेत्रमा लगानी भएकाले आर्थिक गतिविधि नबढेको तथा रोजगारी सिर्जनासमेत हुन नसकेको बताए।

अर्थतन्त्रलाई साहसिकरुपमा परिवर्तन गर्ने खालको नीति तत्कालको आवश्यकता रहेको भन्दै उनले औद्योगिक उत्पादनमुखी र देशभित्रै रोजगारी सिर्जना गर्ने खालको नीति आवश्यक रहेको धारणा राखे। पूर्वअर्थमन्त्री सुरेन्द्र पाण्डेले बैंक तथा वित्तीय संस्थाको ब्याजदर कम गर्ने उपायको खोजी नै यतिखेरको प्रमुख आवश्यकता भएको बताए। विद्यमान व्याजदरका कारण औद्योगिक व्यवसायसमेत चल्न नसक्ने अवस्थामा रहेको भन्दै उनले कोरोनाका कारण समस्यामा परेका र सङ्कटमा फसेका क्षेत्रले पैसा पाउन सक्छन् कि सक्दैनन् भन्ने विषय नै आजको प्रमुख चासो रहेको स्पष्ट पारे।

### मनसुनपछि ...

जानकारी दिए। उनले भने- विगत १० वर्षको मनसुनको अध्ययन विश्लेषण गर्दा मनसुन शुरु भएको ३० दिनको पहिलो अवधि बाढी पहिरोका हिसाबले डरलाग्दो हुने गरेको छ। बाढी पहिरोका जोखिमलाई दृष्टिगत गरी विपद् व्यवस्थापन प्रतिकार्य योजना बनाएर काम गरिरहेको जनाउँदै मन्त्रालयले विभिन्न स्थानमा राहत र उद्धार सामान व्यवस्थापन गोदाम र मानवीय सहायता केन्द्र स्थापना गरेको जनाएको छ।

बाढी पहिरोबाट हालसम्म पर्वत, पाल्पा, बझाङ, गुल्मी, सिन्धुपाल्चोक, रुकुम, कास्की, जाजरकोट, दोलखा, सर्लाही, तनहुँ र सखुवासभा जिल्लामा जनधन को क्षति भएको छ। प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा अहिले एक अर्ब ८० करोड रकम मौज्दात रहेको सो अवसरमा जानकारी दिइयो।

भूकम्पले धाँजा बनाएको पहाड, लगातार धेरै वर्षात् र अवैज्ञानिक तवरमा हुने विकास निर्माणले बाढी पहिरोका घटनालाई बढाउन सहयोग पुऱ्याएको मन्त्रालयको भनाइ रहेको छ। बाढी पहिरोबाट धनजन क्षति भएका परिवारलाई भूकम्प पीडितलाई दिइएको राहत र सहयोगअनुरुपकै विधि र प्रक्रियाका आधारमा राहत उपलब्ध गराउने सरकारले तयारी गरेको छ।

सो अवसरमा सांसदहरुले राहत र उद्धारका योजना राम्रा भए पनि कार्यान्वयन फितलो रहेकाले तीन तहकै सरकार र स्थानीय नागरिकको समन्वयमा प्रभावकारी राहत र उद्धारका कार्यक्रम गर्न सरकारलाई सुझाव दिए।

### एक करोड ...

१५ वटै स्थानीय तहहरुले समेत अभियानलाई सहयोग गर्ने प्रतिवद्धता जनाएका छन्। झापामा कोरोना परीक्षणका लागि ल्याव राखेर झापामै सहज रुपमा अति विपन्न वर्गले स्वास्थ्य जाँच गर्न सकून भन्ने उद्देश्यले सञ्चालन गरेको अभियान अत्यन्त राम्रो भएको बताउँछन् बाह्रदशी गाउँपालिकाका अध्यक्ष खड्गप्रसाद राजवंशी। अभियान अत्यन्त राम्रो छ उनले भने- यो अभियानमा हामी सबैले साथ रहन्छ।

प्रदेश सरकारको मातहतमा अहिले प्रदेश जनस्वास्थ्य प्रयोगशाला, कोशी अस्पताल विराटनगर र सुनसरीको धरानमा रहेको बीपी कोइराला स्वाथ्य विज्ञान प्रतिष्ठानमा स्थापना गरिएको ल्यावमा मात्रै कोरोना संक्रमणको परीक्षण हुने गरेको छ।

झापामा नै कोरोना परीक्षणका लागि ल्याव स्थापना गर्न पहल थालिएपछि प्रदेश सरकारले समेत ल्याव स्थापना गर्ने ठाउँको अवलोकन गरेको छ। प्रदेश नम्वर १ का सामाजिक विकास मन्त्री जीवन घिमिरेसहित चिकित्सकको टोलीले अनुगमन गरेको हो। मेची अञ्चल अस्पतालकै मातहतमा रहने गरी ल्याव सञ्चालनको तयारी भइरहेको अभियानका संयोजक गिरीले बताए। ल्याव साउनको पहिलो साताबाट सञ्चालनमा ल्याइने तयारी थालिएको छ। ल्याव स्थापनाका लागि झण्डै एक करोड तीस लाख रुपैयाँ लाग्ने नेपाल रेडक्रस सोसाइटी उपशाखा बिर्तामोडका सभापति सजेश शिवाकोटीले बताए।

### लघुजलविद्युत्...

टेलिभिजन हेर्न, मिल चलाउन वञ्चित भई आधा घण्टाभन्दा टाढा गएर छिमेकी टोलमा मोबाइल चार्ज गर्दै काम चलाएको पीडा सुनाउँछन्।

फाल्गुनन्द गाउँपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को गाउँ सभाले पारित नीति तथा कार्यक्रममा लघु जलविद्युत् योजनालाई पनि समेट्ने लक्ष्य राखिएको सूचना पाए अनुसार यस योजनालाई मर्मत सम्भारको लागि गाउँपालिकामा बजेट माग गर्दै अन्य दाताहरुबाट पनि सहयोगको अपेक्षा गरिएको समितिका सचिव भगीरथ नेम्वाङले जानकारी दिए।

लघु जलविद्युत् सहकारीको रुपमा दर्ता भएको योजनाबाट उत्पादित १२ किलोवाट क्षमताले दिउँसोको समयमा कुटानीपिसानी तथा तेल पेल्ने मिल समेत सञ्चालन गर्दै आएको र विद्युत्को लागि ल्याइएको कुलो स्थानीय कृषकले सिँचाईमा प्रयोग गर्दै आएको भएता पनि पहिरोले पटक-पटक क्षति पुऱ्याउँदा किसान निराश बनेका छन्।

जिल्लाकै कृषि उपजको अव्बल क्षेत्र भनेर चिनिएको यस भू-भागका बासिन्दा कृषि पेशामा निर्भर छन्। अहिलेसम्म यस टोलमा केन्द्रीय प्रसारणको हाइड्रोलाइन बिस्तार हुन बाँकी रहेको र स्थानीय विद्युत् उत्पादन भरपर्दो नहुँदा मारमा परेको स्थानीयहरु बताउँछन्।

### निजी ...

१९ को पीसीआर विधिबाट परीक्षण दिने निर्णय गरेको थियो। अहिले मुलुकभरि २५ वटा प्रयोगशालाबाट पीसीआर प्रविधिबाट परीक्षण हुँदै आएको छ। अहिलेसम्म दुई लाख ८३ हजार ५१५ जनाको पीसीआर परीक्षण गरिएको छ।

यसअघि सरकारले सातै प्रदेशका सरकारी एक/एक प्रयोगशालामा पाँच हजार ५०० रुपैयाँ शुल्कमा पीसीआर विधि परीक्षण गर्न पाउने व्यवस्था गरेको छ। ती प्रयोगशालामा प्रदेश नं. १मा कोशी अस्पताल, प्रदेश नं २मा नारायणी अस्पताल, गण्डकी प्रदेशमा पोखरा स्वास्थ्य विज्ञान प्रतिष्ठान, प्रदेश नं ५ मा लुम्बिनी अस्पताल बुटवल, कर्णाली प्रदेशमा प्रादेशिक जनस्वास्थ्य प्रयोगशाला सुर्खेत र सुदूरपश्चिम प्रदेशमा प्रादेशिक प्रयोगशाला धनगढीको प्रयोगशाला रहेका छन्। ती प्रयोगशालामामा निर्देशिका भन्दा बाहेकका व्यक्तिले पनि आफूलाई इच्छ्याएका बेला शुल्क तिरेर नमूना परीक्षण गर्न पाउने छन्।

### अज्ञानता ...

र कमजोरीका कारण धनजनको क्षति हुँदै आएको छ। जनधनको रक्षाका लागि सरकारले प्रभावकारी कदम चालिरहेको छौं। अव्यवस्थित बसोबास क्षतिको मुख्य कारक हो भन्दै गृहमन्त्री थापाले प्राकृतिक प्रकोपका घटनाको गहन समीक्षा गरेर वस्तुवादी नीति बनाइने दृढता व्यक्त गरे।


**जग्गा विक्रीमा**

शनिश्चरे बजार हुँदै कुशल चौकबाट एक सय मिटर दक्षिण, ३३ फुट मुख भई पूर्व फर्केको, ४० फुटे बाटोले छोएको डेढ कठ्ठा जग्गा अत्यन्त सस्तो मूल्यमा विक्रीमा रहेको हुँदा इच्छुक महानुभावले तुरुन्त सम्पर्क गर्नुहोला।
मो. ९८४२६५५९५०/९८०४९६९९९०

**बिर्तामोड नगरपालिका**
नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

**कोरोनाको संक्रमणबाट बाँच्न सचेतना अपनाऔं**

- साथीभाइसँग हात नमिलाऔं, त्यसको सट्टा नमस्कार गरौं।
- साबुन पानीले पटक-पटक हात धुऔं
- कसैसँग अंकमाल नगरौं, ज्वरो-खोकी लागेको मान्छेसँग नसुतौं
- अनावश्यक भीडभाडमा नजाऔं
- झ्याल ढोका बन्द गरेर सानो कोठामा धेरैजना नबसौं।
- जंगली जनावरलाई नछुऔं, बिरामी घरपालुवा जनावरको पनि सम्पर्कमा नजाऔं।
- सर्जिकल मास्कको प्रयोग गरौं, कपडाको मास्कले प्रदुषण मात्रै रोक्छ।
- कोरोनाको बिरामी भेट्न जान लागेको हो भने एन-९५ मास्क नै लगाउनुपर्छ।
- खोकी, ज्वरो र श्वास फेर्न गाह्रो भएको छ भने चेक गर्न जाऔं।

बिर्तामोड नगरपालिका

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**




बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्कः
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**बिर्ता (सेफ्टी तथा ढल सफाई)**
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**भावपूर्ण श्रद्धाञ्जलि/समवेदना**



जन्मः २०४५ असोज २१ गते, पोखरा
स्वर्गारोहणः २०७७ असार १८ गते, झापा

हाम्रा अनन्य सहयोगी, शुभचिन्तक डा. सुधिर गिरीज्यूकी जीवनसंगिनी **सुष्मा गिरी**को ३२ बर्षको अल्पायुमै भएको असामयिक निधनको खबरले हाम्रो संस्था अञ्जली हस्पिटल प्रा.लि. दुखित एवम् मर्माहत बनेको छ। शोकको यस घडीमा रहनुभएका उहाँका श्रीमान डा. सुधिर गिरी, छोराछोरी लगायत सबै परिवारजनप्रति शोकलाई शक्तिमा बदल्ने क्षमता राष्ट्र देव पशुपतिनाथले प्रदान गरुन् साथै दिवंगत आत्माको स्वर्गमा वास होस् भनी भावपूर्ण श्रद्धाञ्जलि एवम् समवदेना व्यक्त गर्दछौं।

**नेपाल चिकित्सक संघ मेची शाखा परिवार**
बिर्तामोड-१, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा
■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५४१००२/प्रशासन/विज्ञापन : ०२३-५४००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

# अवैध गतिविधि रोक

**कोरोना भाइरससँगै बाढीपहिरोले सबैको ध्यान तानिरहेका बेला झापाको कन्काई नगरपालिकाबाट नक्कली नोटको कारोबारी पक्राउ परेका छन् । इलाका प्रहरी कार्यालय अनारमनीको टोलीले भारतीय नक्कली रुपैयाँ एक लाख चालीस हजारसहित कनकाई नगरपालिकाका मौसम श्रेष्ठ, खुर्सेद आलम र झापा गाउँपालिकाका एराजुल हकलाई पक्राउ गरेको हो । पक्राउ परेका मध्ये श्रेष्ठ सुरुङ्गाका सुनचाँदी व्यवसायी हुन् । उनीहरु मध्ये आलमले पाँच सय रुपैयाँ दरको भारतीय नोटको कारोबार गरेका थिए । त्यही नोटका आधारमा प्रहरीले सुन व्यवसायी श्रेष्ठको घरमा लुकाएर राखिएको नक्कली नोट बरामद गरेको थियो ।**

**सरकारले पाँच सय र एक हजार रुपैयाँ दरको भारतीय नोट प्रतिबन्ध लगाएको छ । तर, नेपालका शहर बजारमा भने लुकिछिपी ती दरका नोटहरु कारोबारमा रहेका छन् । त्यही आधारमा प्रहरीले विशेष सूचनाको आधारमा नक्कली नोटका कारोबारीलाई पक्राउ गरेको बताइन्छ । पक्राउ परेकाहरुलाई सार्वजनिक गर्दै इलाका प्रहरी कार्यालय अनामरनीले खोटा चलन सम्बन्धी मुद्दा दर्ता गरी थप अनुसन्धान गरिरहेको छ । बरामद भारतीय नोटमध्ये केही नोटमा एउटै नम्बर रहेको प्रहरीले जनाएको छ । नक्कली नोटको यो परिमाण झापामा सम्भवतः पहिलो हो । यसले नक्कली नोटको कारोबार व्यापक रहेको हुनसक्ने देखाएको छ ।**

**देश अहिले असामान्य परिस्थितिबाट गुज्रिदैंछ । कोरोनाले समाज, अर्थ व्यवस्था र जनजीवन पूर्णतः प्रभावित भएको छ । यही समय वर्षाले हिमालदेखि तराईसम्मका जिल्लाहरु अस्तव्यस्त भएका छन् । कोरोनाभन्दा दुई गुणा बढी मानिसको पहिरोमा परेर निधन भएको छ भने बेपत्ता हुनेको संख्या अझ धेरै छ । सयौं परिवार पहिरो कै कारण विस्थापित भएका छन् भने पशु चौपायको समेत क्षति भएको छ । यही प्राकृतिक विपद्को सामना गरिरहेका बेला राजनीतिक तरंगले अर्को मानव निर्मित समस्या उत्पन्न भएको छ । जसका कारण प्राकृतिक विपदामा सरकारको सक्रिय र प्रभावपूर्ण उपस्थिति हुन सकेको छैन ।**

**शान्ति सुरक्षाको जिम्मेवार निकाय भनेको गृहमन्त्रालय र उसको मातहत रहेको प्रहरी संगठन हो । प्राकृतिक विपद्का घडीमा सुरक्षा संयन्त्र सम्पूर्णरुपले उद्धार तथा राहतका संलग्न हुनपर्छ । कोरोना कहरमा पनि त्यही संगठन अग्रपंक्तिमा छ भने थपिएको वर्षाका कारण उत्पन्न विपद्मा नेपाल प्रहरी र सशस्त्र प्रहरी परिचालित हुन् । यही कहरलाई मौकाका रुपमा उपयोग गर्ने समूह जहाँसुकै हुनसक्ने यिनको पक्राउले संकेत गरेको छ । नेपाल–भारत सीमानाका बन्द रहेको बेला भारतीय नक्कली नोटको कारोबार हुनुले ती नेपालमै छापिएको हुनसक्ने देखिन्छ । होइन भने सीमा बन्द हुँदा कसरी भारतीय नोट नेपाल ल्याइए ? प्रहरीका लागि चुनौति बनिएको छ । त्यसैले पनि प्रहरीको सक्रियता र पहुँच बढ्नुपर्ने यो घटनाले प्रमाणित गरेको छ । नक्कली नोटका कारोबारीबाट थप तथ्य अनुसन्धानले खोल्ने नै छ । तर, चेतावनी र चुनौति दुबैको सामना गर्दै अवैध गतिवधि गर्नेहरुलाई कानूनको दायरामा ल्याउनै पर्छ । यसले मात्र प्रहरीको साख र धर्मको रक्षा गर्न सक्छ ।**

# नेपालमा भारतीय हस्तक्षेपको इतिवृत्तान्त



**उदय मैनाली**

पछिल्लो समय नेपालमा भएका प्रायः सबै राजनीतिक र आर्थिक गतिविधिमा भारतको हस्तक्षेपको विषय व्यापक रुपमा उठ्ने गरेको छ। तर, यो विषय आज मात्र होइन, यसको श्रृंखला धेरै लामो सयमदेखि चलिआएको छ। इतिहासमा फर्केर हेर्ने हो भने नेपालका हरेक परिवर्तन चाहे त्यो राजनीतिक होस् वा सामाजिक र सांस्कृतिक, चाहे त्यो आर्थिक वा अन्तर्राष्ट्रिय सम्बन्धको विकास र विस्तार नै किन नहोस् भारत नेपालको हरेक महत्वपूर्ण विषयको सन्दर्भमा आफ्नो भूमिका खोज्न पछि पर्दैन।



भारतको यो रवैयाको पृष्ठपोषण कसरी र किन इतिहासदेखि अहिलेसम्म कायम छ भन्ने सवालमा विभिन्न पक्षहरुको आ-आफ्नो विश्लेषण रहला, तर मुख्यतया वि.सं. २००७ सालदेखि हालसम्म भारतको नेपालप्रतिको छोटे भाइवाला संज्ञा यथास्थितिमा रहनुमा नेपालमा शासनको बागडोर सम्हालेका राणाहरु, राजाहरु तथा विभिन्न समयमा स्थापित फरक-फरक राजनीतिक दलहरुका सरकार र यसका नेतृत्व नै बढी दोषी देखिन्छन्।

जब-जब आफ्नो सरकार र पक्षलाई अफठ्यारो परिस्थिति आयो, आन्तरिक र दलगत स्वार्थले सत्ता सञ्चालनमा बखेडा झिक्यो तब-तब भारत शरणम् गच्छामी हुने हाम्रो खोक्रो राष्ट्रिवाद नै आजको नेपाल भारत सम्बन्धमा आएको तिक्तताको प्रमुख कारण हो। हो, भारतीय शासकहरु चाहन्छन् नै यही, उनीहरुको नेपालप्रतिको दृष्टिकोण न त हिजो सम्मानजनक थियो न त आज छ ? दिल्लीमा रिमोट राखेर नेपालमा कार्यक्रम संयोजन गर्न आदत परेको भारतीय पक्ष, हामीले दिएको कुटनीतिक छुटको जगमा टेकेर हस्तक्षेपकारी दम्भ देखाइरहेको छ। भारतीय हस्तक्षेपको श्रृंखलालाई हेर्न वि.सं. २००७ सालपछिको अवस्थाले नै मुख्य रोल खेलेको छ। तसर्थ, वि.सं. २००७ सालपछिको नेपाल भारत सम्बन्धमा आएका उतारचढावलाई स्पष्ट रुपमा बुझ्न जरुरी छ।

१. ब्रिटिस साम्राज्यको कृपामा राजा र नेपाली जनतालाई राज्य सञ्चालनको भूमिकाबाट कोसौं टाढा राख्दै निरंकुश शासन गरिरहेका राणाहरुकाविरुद्ध उम्लँदै गएको प्रजातन्त्रबादी आन्दोलनले घुँडा टेक्न बाध्य पार्न लागेको थियो। भारतबाट ब्रिटिस फर्कनु र प्रजातन्त्रको संघर्ष चुलिरहनुले राणाहरुमा दवाब बढेको बढ्यै थियो। त्यही समयमा तत्कालीन नेपालका राजा त्रिभुवन लैनचौरस्थित भारतीय दुतावासमा शरण लिन पुगे र त्यतैबाट दिल्ली उडे। यो घटनाले राणाहरुमा राजाले देश र जनताप्रति धोका दिएको र राणाहरुको राष्ट्रवाद नै असली रहेको हौवा फैलाउने मौका पनि मिल्यो। त्यसो त राजा त्रिभुवनले आफ्नो स्वकीय सचिव नै भारतीय राखेको कुरा इतिहासमा सप्रमाण पाइन्छ। त्यसो त राणाहरुले जहाँनीय शासन टिकाइ राख्न ब्रिटिस इण्डियासँग गरेको सन् १९५० को असमान सन्धि आज पनि नेपाल र नेपालीका लागि आलो घाउ भएर बिझाइरहेको छ। राजा होस् वा राणा दुबैले आफ्नो सत्ता टिकाउन विदेशी प्रभुको शरण र आशीर्वाद लिनु परेको यो ऐतिहासिक घटनाले नेपालमाथि भारतीय हस्तक्षेप निम्त्याउन भने महत्वपूर्ण भूमिका खेलेको स्पष्ट छ।

२. राजा त्रिभुवनको निधन पछि उनका उत्तराधिकारी राजा महेन्द्रको चर्को राष्ट्रवाद पनि सम्झनयोग्य ऐतिहासिक घटना हो। निर्दलीय पञ्चायती शासनको पक्षपोषण गर्दै ३० वर्षसम्म नेपाल र नेपालीमाथि गरिएका विभिन्न दमन र चर्को राष्ट्रवाद राजा महेन्द्रको पालामा भएको कुरा इतिहासमा भेटिन्छ। उनकै पालमा लिम्पियाधुरा र कालापानीमा भारतीय सैनिकको उपस्थिति भएको र पछि नेपालको चुच्चो परेको भाग नै गायब भई नेपाल आमामाथि अन्याय भएको घटनाले राजा महेन्द्रले जतिसुकै राम्रा काम गरेपनि भारतको हेपाहा प्रवृत्तिको खिलाफमा बोल्न नसकेको कुरा स्पष्ट हुन्छ। यसबाट पनि भारतीय विस्तारवाद र हेपाहा प्रवृत्ति कायमै रहेको छर्लङ्ग हुन्छ।

३. ३० बर्ष लामो पञ्चायती शासनको विरुद्ध विभिन्न समयमा भएका कांग्रेस र कम्युनिष्टका आन्दोलनको पृष्ठभूमि हेर्ने हो भने भारतको संलग्नताको नमिठो गन्ध आई नै रह्यो। कोइराला खानदानका दाजुभाइहरुको नेतृत्वमा बनेका सरकारले आफ्नो पहिलो भ्रमण दिल्लीमा नै गर्नु, अझ तत्कालीन प्रधानमन्त्री मातृकाप्रसाद कोइरालाले भारतीय समकक्षी जवाहरलाल नेहरुसँग भारतमा नेपाल विलय गराउने प्रस्ताव राखेको। तर, नेहरुले नमानेको भन्ने भारतीय जनता पार्टीका पूर्व मन्त्री सुब्रमन्यम स्वामीको आधिकारीक ट्वीट र भारतीय हिन्दूवादी संगठन आरएसएसका पूर्व अध्यक्षको खुला भनाईलाई हेर्ने हो भने त नेपालका शासकहरुको लम्पसारवादी चरित्र छर्लङ्गै हुन्छ।

४. वि.सं. २०४६ सालको जनआन्दोलन पछि बनेका कांग्रेस र कम्युनिष्टका सरकारहरुले पनि भारतीय हस्तक्षेपलाई कम गर्ने गरी कुनै ठोस कदम चालेको देखिँदैन। चाहे त्यो गण्डक सम्झौता होस् वा महाकाली सम्झौता सबै नै सच्चा राष्ट्रवादी नेपालीको मनमा चिसो पस्ने गरीका छन् र भारतीय पक्षको हितमा रहेका छन्।

५. भारतीय विस्तारवाद र हैकमवादको उग्र विरोधमा जनयुद्धको घोषणा गरेको तत्कालीन माओवादी शक्तिको पनि यथार्थ अहिले आएर हेर्दा भारतलाई कुनै पनि रुपमा असर नपर्ने गरी गरिएको थियो भन्ने प्रमाण पाइन्छन्। तत्कालीन माओवादीको नेतृत्व गर्ने नेताहरुको भनाई र गराईमा आकाश जमिनको फरक देखियो। भारतको विस्तारवादविरुद्ध शसक्त आवाज उठाउने, भारतसँग भएका असमान सन्धीहरु जलाउने साथै भारतविरुद्ध भूमिगत युद्ध गर्ने कुरा उठाएर अनुयायीलाई पटक-पटक धोका दिएको कतिपय पूर्व लडाकुहरुको भनाई रहेको छ। यसरी हेर्दा तत्कालीन माओवादी नेतृत्व भारतीय हस्तक्षेप नेपालमा कायम राख्न सहयोगी भूमिकामा रहेको स्पष्ट हुन्छ।

६. त्यसो भारतीय हेपाहा प्रवृत्तिलाई मलजल गर्न हाम्रा नेतृत्व र व्यवस्थामात्रै दोषी छैनन्, हामीमा पनि बोलाई र गराई बीच सम्पर्क नभएको अवस्था हो। धर्म, संस्कार, संष्कृति र रोटीबेटीको नाताको आडमा भारतीय हस्तक्षेपलाई ठाडो निमन्त्रणा दिने हामी नेपालीको गराईले आजको स्थिति आएको हो। नेपालीपन, लोक संगीत, नेपाली कला, कलाकार र स्थानीय परम्परा त्यागेर हिन्दि चलचित्र, टेलिभिजन कार्यक्रम र भारतीय देखासिकी गर्नाले पनि हाम्रो राष्ट्रियता कमजोर परेको यथार्थ छ। यसरी हेर्दा हाम्रो राष्ट्रियता कमजोर बनाउन माथि उल्लेखित कार्यहरुले महत्वपूर्ण भूमिका खेलेको छ। आजका दिनमा स्वतन्त्र पत्रकारिताका नाममा भारतका कतिपय मिडियाको लज्जास्पद हर्कतको शिकार हुनु परेकोमा हामी नेपाली दुःखीत छौं। आशा छ अबको हाम्रो पाइला भारतीय मात्रै होइन चिनियाँ र अन्य विदेशी शक्ति केन्द्रको भरमा अगाडि नबढोस्। वयं राष्ट्रे जागृयामः अर्थात् राष्ट्रका लागि जागौं भन्ने कामनाका साथ नेपाल र नेपालीको स्वाभिमान कसैको खेलौना नबनोस्।

# आधुनिकतामा संस्कृत शिक्षाको महत्व



**गीता निरौला भण्डारी**

हिमवत्खण्डमा हिमालयका धवल श्रृंखलाका काखमा, प्रकृतिको अनुपम सौन्दर्ययुक्त सुन्दर शान्त र पवित्र वातावरणमा बसेर हाम्रा ऋषिमुनिहरूले कठोर तपस्याद्वारा वेदका मन्त्र देखे र सुने। यी देखे सुनेका मन्त्रलाई लिपीबद्ध गर्न उनीहरूलाई यस्तो भाषाको आवश्यकता भयो जसले मन्त्रको शक्ति र शुद्धतालाई बहन गर्न सकोस्। जुन सर्वसाधारणको पहुँचमा सजिलै पुग्न सकोस्। यसका लागि उनीहरूले आफूले प्राप्त गरेको देववाणीलाई नै परिष्कृत गरे। त्यसलाई ब्याकरणका शुत्रमा आबद्ध गरी सरल बनाए।

यहीँ हिमालय क्षेत्रको पवित्र भूमिमा बसेर अथक साधनाद्वारा आफूले देखे सुनेका मन्त्रलाई उक्त परिष्कृत भाषामा लिपिबद्ध गरी थुप्रै ग्रन्थ तयार पारे र तिनमा वैज्ञानिक शोध, अनुसन्धान, इञ्जिनियरिङ, वास्तु, ज्योतिष, खगोल, राजनीति, अर्थ, साहित्य र दर्शन जस्ता अनेकौं विधाहरूको ज्ञान प्रशस्त पोखी दिए। यिनै ग्रन्थमध्येको सबभन्दा प्राचीनग्रन्थ ऋग्वेद आज संसारकै सबभन्दा प्राचीनग्रन्थ र संस्कृतभाषा सबभन्दा प्राचीनभाषा प्रमाणित भएको छ। हिमालयक्षेत्रमा अवस्थित विश्वकै सर्वोच्च शिखर सगरमाथाको काखमा रहेको हाम्रो देश नेपाल त्यो पवित्र भूमि मध्येको एक हो, जहाँबाट ज्ञानको मूल फुटेर निस्केका अजस्र ज्ञानधाराले विश्वलाई नै सिञ्चित गरिरहेका छन्।

संस्कृतको अर्थ नै संस्कार गरिएको, शुद्ध पारिएको, परिमार्जन गरिएको, संशोधित, अलंकृत भन्ने हुन्छ। त्यसैले परिष्कृत गरिएकोले देवभाषालाई संस्कृत भनिएको हो। यो माधुर्य र लालित्यले भरिपूर्ण छ। यो अति शुद्ध र वैज्ञानिक छ। यो ब्रह्माण्डमा व्याप्त ध्वनिमा आधारित छ। संस्कृतका विद्वानहरूका अनुसार ब्रह्माण्डबाट निस्कने १०८ ध्वनीमा संस्कृतको वर्णमाला आधारित छ। यसमा अथाह शब्द भण्डार छ र थोरै शब्दमा अनन्त अर्थ समेट्न सक्ने वाक्य गठनको क्षमता छ। संस्कृत बोल्दा र लेख्दा एउटै संरचना हुने भएकोले यसमा द्विअर्थी वाक्य हुँदैन। सबभन्दा महत्वपूर्ण कुरा त यसमा लेखिएका ग्रन्थहरूमा सृष्टिको रहस्यदेखि आधुनिक टेक्नोलोजीसम्मका सम्पूर्ण ज्ञान निहित छ। यिनै ग्रन्थका आधारमा पूर्वीय सभ्यताबाट विश्वले शून्य अंक प्राप्त गर्‍यो। यसपछि मात्र नौ अंकमा सीमित रहेको गणितले पूर्णता पाएको हो।

आज विज्ञानका हरेक चमत्कारमा शून्यले महत्वपूर्ण भूमिका खेलेको छ। अहिले आएर अन्तरिक्ष सम्बन्धी खोज अनुसन्धान गर्ने केन्द्र (नासा)ले ब्रह्माण्डको ध्वनि पत्ता लगाएको छ र यो ध्वनि संस्कृतको अति शक्तिशाली मन्त्र ॐसँग मिल्दोजुल्दो भएको बताएको छ। नासाले संस्कृतको महत्व बुझेर यस सम्बन्धी अध्ययन अनुसन्धान अघि बढाएको छ। थोरै शब्दमा वाक्य बन्ने, द्विअर्थी वाक्य नहुने र ध्वनीमा आधारित भएकोले आउँदा दिनमा अन्तरिक्षमा कुनै पनि सन्देश पठाउनका लागि सबभन्दा उपयोगी भाषा संस्कृत हुनसक्ने अनुमान नासाका वैज्ञानिकहरूले गरेका छन् र यसको लागि विभिन्न खोज अनुसन्धान भइरहेका छन्। उनीहरूले भविष्यमा कम्प्युटरको भाषा संस्कृत हुने प्रवल सम्भावना रहेको बताएका छन्।

विद्वानहरूका भनाइ अनुसार संस्कृत सबै भाषाको जननी हो। संसारका धेरै भाषाको नसा संस्कृतसँग जोडिएको हुनाले यसलाई विश्वभाषा मान्न सकिन्छ। संस्कृतको महिमा बुझेका पश्चिमाहरूले संस्कृत शिक्षाबाट ज्ञान आर्जन गर्नका लागि थुप्रै विश्वविद्यालयहरू स्थापना गरेका छन्। हाल विश्वमा ४० देशका दुई सय ५४ वटा विश्वविद्यालयमा संस्कृत पढाइ हुन्छ। जर्मनीमा मात्रै १४ वटा विश्वविद्यालय तथा धेरै विद्यालयहरूमा संस्कृत पढाइन्छ। अमेरिकामा पनि केहीँ विश्वविद्यालयहरूमा संस्कृत अध्ययन अध्यापनको कार्य हुने गरेको छ। यस्तै अरू धेरै देशका विश्वविद्यालयहरूमा पनि संस्कृतको पठनपाठन भइरहेको छ। पश्चिमाहरूले हाम्रा ग्रन्थको अध्ययनबाट खगोल, गणित, वैज्ञानिकशोध तथा अनुसन्धान जस्ता विषयहरूको ज्ञान हाँसिल गरी त्यसलाई सूचना, प्रविधि र अनुसन्धानमा प्रयोग गरेर एकपछि अर्को अभुतपूर्व सफलता प्राप्त गरिरहेका छन्। हाम्रै ग्रन्थका अध्ययनबाट प्रभावित भएर धेरै कवि, साहित्यकार तथा दार्शनिकहरूले आ-आफ्ना क्षेत्रमा यसको प्रयोग गरेर ख्याती प्राप्त गरेका छन् र संस्कृत साहित्यको व्यापकताको मुक्तकण्ठले प्रशंसा गरेका छन्।

तर, दुःखका साथ भन्नुपर्छ हामी यति भाग्यमानी भएर पनि, यिनै ऋषिमुनीका सन्तान भएर पनि यो विशाल ज्ञानको भण्डारको स्रोतमै बसेर पनि यो गौरवगाथा गाउनु शिवाय अहिले हामीसँग केहीँ छैन। हामी रित्तो भएका छौं। हामीले संस्कृतको विराटता र वैज्ञानिकतालाई बुझ्नै सकेनौं। संस्कृतलाई धर्मसँग मात्र जोडेर यसको व्यापकतालाई साँघुरो बनाइदियौं। पश्चिमी सभ्यताको चकाचौंधमा फसेर हामीले यो ज्ञानको भण्डारको उपेक्षा गर्‍यौं र यसलाई बिस्तारै छोड्दै गयौं। नेपालमा लिच्छिविकालसम्म आइपुग्दा पनि संस्कृतभाषाको अत्यधिक प्रचलन रहेको पाइन्छ। लिच्छविकालका सबै अभिलेखहरू संस्कृतमै लेखिएका छन्। मल्लकालमा पनि यसको स्थिति मजबुत नै देखिन्छ। त्यसपछि समाजमा बिस्तारै अन्य भाषाहरू जन्मिँदै गए र संस्कृतलाई प्रतिस्थापन गर्दै गए। राणाशासनकालसम्म




आइपुग्दा संस्कृत निकै कमजोर बन्न पुग्यो। यद्यपि राणाहरूले ठाउँ-ठाउँमा संस्कृत विद्यालयहरू खोलेका थिए। तर, यसले कर्मकाण्ड बाहेक खासै उपलब्धि दिलाउन सकेन। २८ सालमा नयाँ शिक्षा योजना लागू भएपछि सरकारका तर्फबाट संस्कृत शिक्षाका लागि कुनै महत्व दिइएन जसले गर्दा कुनै-कुनै विद्यालयमा ऐच्छिक विषयको रूपमा र गुरूकुलहरूमा मात्र यो सिमित भयो र झन्-झन् ओझेलमा पर्‍यो। २०४३ सालमा संस्कृत विश्वविद्यालयको स्थापना त भयो। तर, यसले पनि संस्कृतको ज्ञानपक्षलाई उजागर गर्न सकेन।

माओवादी जनयुद्ध शुरू भएयता त झन् संस्कृत विद्यालयहरूमा नियोजित आक्रमण गरी त्यसलाई ध्वस्त बनाउने काम नै शुरू भयो। संस्कृत शिक्षा कै कारण जातपात छुवाछुत जस्ता कुप्रथा जन्मिएको हो, संस्कृत भनेको बाहुनहरूको मागीखाने भाडो हो, यो मरिसकेको भाषा हो भन्ने दुष्प्रचार गरियो र संस्कृत पढने पढाउनेमाथि शत्रुको व्यवहार गरियो। फलस्वरूप २०४६ सालको जनआन्दोलनबाट प्राप्त प्रजातान्त्रिक सरकारले सरकारी स्तरमा पढाइहुने सम्पूर्ण संस्कृत पाठ्यक्रमलाई नै खारेज गरिदियो। त्यसपछि केहीँ गुरूकुलहरूमा मात्र संस्कृत पढाइ हुन थाल्यो जसले संस्कृतलाई बेहोसी अवस्थामा भएपनि जिवित राख्ने काम गर्‍यो।

अन्तर्राष्ट्रिय जगतमा संस्कृतको महत्वले तरंग पैदा गरेपछि नेपालमा जनस्तरबाट संस्कृतप्रति चासो देखाउन थालिएको छ। युवाहरू संस्कृततर्फ आकर्षित हुन थालेका छन्। अनलाइन कक्षाको माध्यमबाट संस्कृत सिकाउन थालिएको छ। सरकारले पनि संस्कृत शिक्षालाई पुनः स्वीकृति प्रदान गरेको छ र कक्षा १ देखि ८ सम्म आधारभूत तहको पाठ्यक्रम निर्माण गरेको छ। तर, यसलाई अनिवार्य भने गरेको छैन। अन्य मातृभाषाका पाठ्यक्रम निर्माण गर्ने क्रममा संस्कृतलाई पनि एउटा भाषाको रूपमा समावेश गरी ऐच्छिक बनाएको छ। विश्वले संस्कृतलाई खोज अनुसन्धानको विषय बनाइरहेको बेला संस्कृत शिक्षाले पुनः प्रवेश पाउनुलाई सकारात्मक लिनुपर्छ। यसले संस्कृतको महत्व बुझेका र संस्कृतलाई प्रेम गर्नेहरूमा खुशीको सञ्चार गरेको छ।

हामी नेपालीहरूको त मूल नै संस्कृत हो। हामीले ज्ञानका लागि विगतमा लेखिएका शास्त्र पुराण पढ्नमात्र होइन आफ्नो इतिहास जान्न पनि संस्कृत जान्न आवश्यक छ। राष्ट्रिय अभिलेखालयमा रहेका धेरैजसो अभिलेखहरू संस्कृत मै रहेका छन्। बुद्धका देशका हामीले बुद्धलाई जान्नका लागि पनि संस्कृत जान्न आवश्यक छ। बुद्ध धर्मका ग्रन्थहरू पनि प्रायः संस्कृतमै लेखिएका छन्। नेपालका सबै मातृभाषाको जननी संस्कृत भएकाले यिनको शुद्धताको लागि पनि संस्कृत अति आवश्यक छ। आफ्ना सन्तानलाई संस्कारी र नैतिकवान बनाउन पनि संस्कृत सिकाउन जरुरी छ। अहिलेको स्वार्थी र संकुचित सोच भएको समाजमा आफ्ना सन्तानलाई (बसुधैव कुटुम्बकम) र (विश्व बन्धुत्व) को अर्थ बुझाउन पनि संस्कृत आवश्यक छ।

अब त झन् नासाले नै संस्कृतको महत्वलाई स्वीकारिसकेको अवस्थामा भविष्यमा प्रविधिमैत्री हुन र अन्तरिक्षको अध्ययनमा सहभागी हुन समेत संस्कृत जान्न अत्यावश्यक भइसकेको छ। यस परिप्रेक्षमा आशा गरौं ज्ञान विज्ञानमा संस्कृतको महत्व र उपादेयतालाई ध्यानमा राखी आउँदा दिनहरूमा सरकारले आफूले चालेको यो सानो कदमलाई अझ फराकिलो बनाउने छ र संस्कृतको उद्गमस्थलकै बासिन्दाद्वारा विश्वलाई संस्कृत सिकाउने वातावरण तयार पार्नेछ। कामना गरौं जनस्तरबाट पनि उत्साहका साथ संस्कृत शिक्षाको माग बढ्ने छ र संस्कृत आउँदा दिनहरूमा कक्षा १ देखि विश्वविध्यालयसम्म कै अनिवार्य विषयमा गनिने छ। अस्तु। जयतु संस्कृतम्।

# हाम्रो नेपाल साकोस र कान्तिपुर साकोसबीच एकीकरण



**बिर्तामोड, असार २९।** बिर्तामोड-४ मा मुख्य कार्यालय रहेको हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था र दमक-६ मा कार्यालय रहेको कान्तिपुर बचत तथा ऋण सहकारी संस्थाबीच एकीकरण भएको छ ।

दमकमा आयोजित दुबै सहकारी संस्थाका सञ्चालक समिति र लेखा समितिका पदाधिकारीहरुको बठकले दुबै सहकारी संस्था एकीकरण भएको निर्णय गरेको हो ।

हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष भवानीप्रसाद दंगाल र कान्तिपुर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष वासुदेव भट्टराईको संयुक्त अध्यक्षतामा भएको बैठकले प्रदेश सहकारी रजिष्टार कार्यालय इटहरीको २०७७ असार २३ को पूर्व स्वीकृति बमोजिम दुबै सहकारी संस्थाबीचको एकीकरणको निर्णय गरेको हो ।

कार्यक्रममा हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष भवानीप्रसाद दंगालले औचित्य माथि प्रकाश पार्दै सरकारले ल्याएको सहकारी एकीकरणको नीति अनुसार हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था र कान्तिपुर बचत तथा ऋण सहकारी संस्थाको उद्देश्य एउटै भएका कारण ती दुई सहकारीबीच एकीकरण गरिएको बताए । उनले दुई सहकारीबीच एकीकरण गरेसँगै अब उप्रान्त हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था बिर्तामोड-४ को नामबाट दमकमा कारोबार गरिने बताए ।

शेयर सदस्यहरुले जीवनका अनेकन सुख-दुःखका क्षणहरुमा हाम्रो नेपालको न्यानो साथ पाएको बताउँदै अध्यक्ष दंगालले बीमा, स्वास्थ्य उपचार, मृत्यु राहत, ऋणी सदस्यको मृत्युमा कर्जा मिनाह लगायतको सेवासुविधा शेयर सदस्यहरुलाई प्रदान गरिरहेको बताए । एकीकरण पछि संस्थाको नाम, ठेगाना, दर्ता नम्वर, पान नम्वर, विधान, विनियम, सञ्चालक समिति, लेखा समिति सबै हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्था बिर्तामोड-४ कै रहने, कान्तिपुर बचत तथा ऋण सहकारी संस्था दमकमा सदस्य सेवाकेन्द्र सञ्चालन गर्ने लगायत बैठकले निर्णय गरेको उनले बताए ।

संस्थाको हालसम्म १६ वटा सेवाकेन्द्र रहेको र एकीकरण पछि दमकमा १७औं सेवाकेन्द्रको रूपमा कार्यलय सञ्चालन गरिने उनले बताए । उनले दुबै सहकारी संस्था एकीकरण पछि गत जेठ ३२ गतेसम्म संस्थामा एक सय ३७ जना कर्मचारी, १४ हजार एक सय ९२ जना शेयर सदस्य, संस्थाको शेयर पुँजी सात करोड ४१ लाख ८१ हजार सात सय रुपैयाँ, निक्षेप संकलन ४८ करोड २७ लाख ८८ हजार छ सय ६४ रुपैयाँ , ऋण लगानी ६९ करोड ७२ लाख ३५ हजार दुई सय २० रुपैयाँ रहेको वित्तिय विवरण प्रस्तुत गरेका थिए ।

त्यस्तै संस्थाको आम्दानी आठ करोड ३९ लाख ३४ हजार एक सय ७६ रुपैयाँ, खर्च सात करोड ८८ लाख ८२ हजार एक सय ५६ रुपैयाँ र संस्थाले ५० लाख ५२ हजार रुपैयाँ खुद नाफा गरेको उनले जानकारी दिए ।

कार्यक्रममा कान्तिपुर बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष वासुदेव भट्टराईले आफ्नो संस्था २०६८ साल पुस ५ गतेदेखि सञ्चालनमा रहेको बताउँदै संस्था एकीकरण भएसँगै अझ मजवुत वनेर शेयर सदस्यलाई वित्तीय सेवा प्रवाह गरिने जानकारी दिए ।

कार्यक्रममा हाम्रो नेपाल बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष पृथ्वी ओली सचिव विश्वेश्वरप्रसाद लामिछाने, सदस्यहरु राजेन्द्र गौतम, कविता वुढाथोकी, शसिता राई, कृष्णप्रसाद पोखरेल, प्रतिमा कार्की, तुलसीराम गौतम, लेखा समिति संयोजक कृष्णराज कटुवाल, सदस्यहरु पुजनकुमारी आचार्य, सोमनाथ नेपाल, सल्लाहकार संयोजक भगीरथ आले लगायतको सहभागिता रहेको थियो ।

त्यस्तै कान्तिपुर बचत तथा ऋण सहकारी संस्थाका सचिव दीपकप्रसाद गौतम, सहसचिव शुरेशकुमार पौडेल, कोषाध्यक्ष गणेश कार्की, सदस्यहरु लिलमबहादुर कटुवाल, यमबहादुर अधिकारी, मञ्जु अधिकारी आचार्य, विष्णुमाया थापा, टिकाराम खरेल, सञ्जिव योङ्हाङ, लेखा समिति संयोजक अम्विका बराल पोखरेल, सदस्य प्रेमप्रसाद न्यौपाने लगायतको सहभागिता रहेको थियो ।

बैठकले दुबै सहकारी संस्थाबीचको एकीकरणको अन्तिम स्वीकृतिका लागि प्रदेश सहकारी रजिष्टार कार्यालय इटहरी पठाउने निर्णय गरेको बताइएको छ ।

# पीसीआर प्रयोगशालाका लागि सहयोग जुट्दै









तस्वीर : सुरेन्द्र भण्डारी

**बिर्तामोड, असार २९।** सहारा नेपालसहित २८ वटा विभिन्न सामाजिक संघ-संस्थाको सहभागितामा शुरु गरिएको एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट झापाको सुरुङ्गा कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा स्थापना हुन लागेको कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशालाका लागि बिर्तामोडका पाँच जना सामाजिक तथा धार्मिक व्यक्तित्वले रकम प्रदान गरेका छन् ।

बिर्तामोडमा सोमवार आयोजित कार्यक्रममा बिर्तामोड-२ का श्याम प्रसाई (एसपी), बिर्तामोड-३ का भक्ति गौतम, बिर्तामोड-१ का कमल बाँस्कोटा, बिर्तामोड-१ का कमल चुडाल र निरज चुडालले रकम प्रदान गरेका हुन् ।

कार्यक्रममा श्याम प्रसाई (एसपी)ले २५ हजार नौ सय ९९ रुपैयाँ, भक्ति गौतमले २५ हजार एक सय रुपैयाँ, कमल बाँस्कोटाले ११ हजार, कमल चुडालले पाँच हजार र निरज चुडालले पाँच हजार रुपैयाँ एकका लागि एक अभियानका संयोजक महेन्द्रकुमार गिरी, सहसंयोजक विनोद बस्नेत, अभियानका साझेदार संस्थाका सदस्यहरु कुमार भट्टराई, सजेश शिवाकोटी, अर्जुन चुडाल, मिजाश पोखरेल लगायतलाई हस्तान्तरण गरेका थिए ।

कार्यक्रममा रकम प्रदान गर्दै दाताहरुले मुलुकमै पहिलो पटक एकका लागि एक अभियानको अगुवाईमा जनस्तरबाट झापाको सुरुङ्गा कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशाला स्थापना हुनु झापाबासीका लागि गौरवको विषय भएको बताए ।

कार्यक्रममा एकका लागि एक अभियानका सहसंयोजक विनोद बस्नेतले स्वागतसहित अभियानको उद्देश्यमाथि प्रकाश पार्दै दाताहरुले गरेको सहयोगको सराहना गरेका थिए । उनले 'एकका लागि एक' अभियानमा हालसम्म देश तथा विदेशका ७० संघ-संस्था र एक हजार एक सय व्यक्तिबाट सहयोग प्राप्त भएको बताउँदै पीसीआर परीक्षण प्रयोगशालाका लागि हालसम्म एक करोड १५ लाख रुपैयाँ जुटिसकेको जानकारी दिए ।

त्यसैगरी 'एकका लागि एक' अभियानका संयोजक महेन्द्रकुमार गिरीले सरकार-समुदाय-सहकारीबीच साझेदारीको नमूनाको रुपमा सुरुङ्गा कोटीहोमस्थित समर्पण राष्ट्रिय भवनमा कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशाला सञ्चालनका लागि भौतिक संरचना तयार भइरहेको बताए । उनले कोरोना भाइरस परीक्षण गर्ने पीसीआर परीक्षण प्रयोगशाला साउन १५ गतेबाट सञ्चालनमा आउने तयारी गरिएको र त्यसका लागि पीसीआर परीक्षण मेसिन तथा प्रयोगशालाका लागि आवश्यक अन्य उपकरणका खरिद प्रक्रिया अघि बढाइएको जानकारी दिए ।

कार्यक्रमको सञ्चालन पूर्वाञ्चल दैनिकका उपसम्पादक तुलसीप्रसाद निरौलाले गरेका थिए ।

मास्क लगाऔं, सामाजिक दुरी कायम गरौं कोरोना भाइरसबाट बचौं ।


## बिना अपरेशन सफल उपचार

दक्ष एवम् अनुभवी डाक्टरहरुद्वारा दैनिक चेकजाँच तथा सफल उपचार ।

**उपचार हुने समस्याहरु :**

- कम्मर, गर्दन दुख्ने, घुडा दुख्ने, नशा च्यापिएको, शरीर झम्झमाउने
- थाइराइड, कोलेस्ट्रोल, ग्याष्ट्रिक, कब्जियत
- पायल्स, फिसर, फिस्टुला, पिनास, सुगर, प्रेसर
- खोकी, जण्डिस, छातीको दाग, मृगौलाको पत्थरी, एलर्जी, डण्डीफोर
- महिला तथा पुरुषका गुप्त रोगहरु, माइग्रेन, अनिद्रा, प्रोस्टेट
- बाथ युरिक एसिड, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको आदि ।



**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर**

(अष्टाङ्ग आयुर्वेद फार्मेसी) अदुवा खोला पुल पश्चिम हाइवेको दक्षिण पट्टी बिर्तामोड-४, झापा

फोन न ०२३-५४१४६६/९८०६०००३१३/९८४२७१६५८८



## पूर्वाञ्चलकै सबैभन्दा ठूलो डिपार्टमेन्ट स्टोर

## गोरखा डिपार्टमेन्ट स्टोर

हाम्रा विशेषताहरू :

- अण्डरग्राउण्ड फ्लोरमा : ताजा तरकारी तथा फलफूल
- ग्राउण्ड फ्लोरमा : खाद्यान्न तथा पेय पदार्थ
- पहिलो तलामा : कस्मेटिक्स, किचन वेयर, स्टेशनरी
- दोस्रो तलामा : इलेक्ट्रोनिक्स सामानहरु
- तेस्रो तलामा : जुत्ता-चप्पल, छाता ब्ल्याङ्केट, गलैंचा
- चौथो तलामा : सटिङ, सुटिङ लगायतका लेडिज तथा जेन्ट्स आइटम
- पाँचौं तलामा : बेबी आइटम
- छैठौं तलामा : गोरखा किचेन

**गोरखा डिपार्टमेन्ट स्टोर**

धरानरोड, इटहरी, सुनसरी फोन नं. ०२५-५८३२५४


## फाकफोकथुममा अरिङ्गालले टोकेर बालकको मृत्यु



**इलाम, असार २९।** इलामको फाकफोकथुम-३, रातमाटेका एक बालकको अरिङ्गालको टोकाइबाट मृत्यु भएको छ ।

मृत्यु हुनेमा स्थानीय धनबहादुर राइको जेठा छोरा वर्ष १६ का अम्बर राई रहेका छन् । दुई दिनअघि आफ्नै खेतमा काम गर्दै गर्दा अरिङ्गालले टोकेपछि सामान्य ज्वरो तथा खोकी लागेको थियो ।

उनको अवस्था जटिल भएपछि उपचारका लागि आमचोक स्वास्थ चौकी, आमचोकमा ल्याउँदै गर्दा बाटोमा नै मृत्यु भएको प्रहरी चौकी आमचोकका इञ्चार्ज सुभेन्द्रकुमार कर्णले जानकारी दिए ।

## सूचनाको ढाँचा

## भद्रपुर नगरपालिका कार्यालय

## दरभाउ (टेण्डर) आह्वान सम्बन्धी सूचना

*दोश्रो पटक प्रकाशित मिति : २०७७।०३।२९*

यस नगरपालिकाले उठाउन पाउने देहाय बमोजिमको आन्तरिक आय संकलन कर, दस्तुर र सेवा शुल्क आगामी आ.व.०७७।०७८ वर्ष १ (एक) र बिज्ञापन कर (तीन) वर्षको लागि देहायका ठेक्का बन्दोवस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा संस्थाले प्रथम पटक प्रकाशित मिति सूचनाको शर्तहरुको अधिनमा रही तपसिलमा उल्लेखित समय र मितिभित्र गोप्य शिलबन्दी दरभाउपत्र (टेण्डर) दाखिला गर्न सूचना प्रकाशित गरिएको छ। अन्य विस्तृत जानकारीका लागि कार्यालयको वेवसाइड www.bhadrapurmun.gov.np वा कार्यालयको सूचना पाटीमा हेर्न हुन वा कार्यालयमा सम्पर्क राख्नु होला ।

तपसिल

| ठे.नं. | विवरण | ठेक्का अवधि | न्यूनतम ठेक्का अंक रु. (वार्षिक) मूल्य अभिवृद्धि कर वाहेक | दरभाउपत्र फाराम दस्तुर | दरभाउपत्र फाराम खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र फाराम दाखिला गर्ने अन्तिम मिति, समय | दरभाउपत्र फाराम खोलिने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | चौपाया (पशु) हाट बजार सेवा शुल्क | आ.व. २०७७।७८ १ (एक) को लागी | २९,१२,१२५।०० | १,०००।- | ७औं दिनसम्म २०७७।०४।०४ गते कार्यालय समयसम्म | ८औं दिन २०७७।०४।०५ गते १.०० बजेसम्म | ८औं दिन २०७७।०४।०५ गते २.०० बजेपछि |
| २ | दैनिक अस्थायी हाट बजार सेवा शुल्क | आ.व. २०७७।७८ १ (एक) को लागी | १४,८६,०००।०० | १,०००।- | | | |
| ३ | भद्रपुर-८ स्थित अतिथी गृहतर्फ जाने बाटोको पार्किङ्ग शुल्क | आ.व. २०७७।७८ १ (एक) को लागी | २,६३,०००।०० | ३००।०० | | | |
| ४ | जलकर | आ.व. २०७७।७८ १ (एक) को लागी | ३१,३५०।०० | ३००।०० | | | |
| ५ | भद्रपुर-५ स्थित बसपार्कको पार्किङ्ग शुल्क | आ.व. २०७७।७८ १ (एक) को लागी | ३,६५,०००।०० | ३००।०० | | | |
| ६ | विज्ञापन कर | आ.व. २०७७।७८ देखि २०७९।८० सम्म ३ (तिन) को लागी | ३,३७,६३६।०० | ३००।०० | | | |

(प्रमुख प्रशासकिय अधिकृत)


## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।

**जाँच तथा उपचार हुने समस्याहरु**

- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड

नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)



## वर्गीकृत विज्ञापन

### आवश्यकता

सेक्युरिटी गार्डः- ४० जना *(महिला/पुरुष)*

*यहाँ निःशुल्क सेक्युरिटी ट्रेनिङ गराइन्छ ।*

**सेभेन स्टार सेक्यरिटी सर्भिस प्रा.लि.** बिर्तामोड भद्रपुररोड

फोनः ०२३-५४३००३/५४६६१४, ९८०१४१६८४०, ९८०१४१६८४१, ९८५२६७३९५५

### सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्कः ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४




ज्यो. मधुसूदन रिजाल (स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -** परिस्थितिवश चिताएको काम रोकिन सक्छ। सानोतिनो समस्याले अल्झाउनेछ। स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -** अरूका लागि बुद्धि खर्चनुपरे पनि अध्ययनमा प्रगति हुनेछ। अप्ठ्यारो परिस्थितिमा पनि केही काम बन्नेछन्।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -** ठूलो फाइदा नदेखिएकाले लाभ उठाउन हतार नगर्नुहोला। साँझदेखि स्थितिमा सुधार आउनाले जिम्मेवारी हातलाग्न सक्छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -** परिवेश उल्लासमय रहे पनि जीवनशैली अस्तव्यस्त रहनेछ। मनोरञ्जन तथा लोकाचारका लागि फजुल खर्च हुन सक्छ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -** प्रेममा सुमधुर सम्बन्धका लागि विशेष ध्यान पुऱ्याउनुहोला। समस्या पर्दा आफन्तको साथ जुट्नेछ। यात्राको योग छ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -** अप्ठ्यारो स्थितिलाई पनि सहज बनाउन सकिनेछ। साँझदेखि भने केही चुनौति सामना गर्नुपर्दा सोचे जस्तो उपलब्धि प्राप्त नहुन सक्छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -** पुरुषार्थी कामले समाजमा स्थापित बनाउनेछ। चुनौति पन्छाएर काम बनाउन सकिनेछ। शत्रुबाट सजक रहनु होला।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -** दिगो फाइदा हुने काममा जग बसाउने मौका छ। रोकिएका काम बन्नाले मनग्गे लाभ हुनेछ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -** आम्दानी बढाउने काम शुरु गर्न सकिनेछ। साँझदेखि यात्रा गर्ने अवसर जुट्नुका साथै अतिथिका रूपमा सम्मान पाइनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -** गृहस्थी यात्रा रमाइलो रहनेछ। आफन्तहरूले उत्साह जगाउनेछन्। आँटले सजिलै लक्ष्यमा पुऱ्याउनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -** दिगो फाइदा हुने काम सम्पादन हुनेछ। सुखद् समाचारले दिन उत्साहपूर्ण रहनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -** प्रतिष्ठित काम गर्ने अवसर प्राप्त हुनेछ। सन्तान वा अनुयायीको साथले हिम्मत जगाउनेछ।